## नेपाली सेना

## श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा

# सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स पदहरुको लागि दरखास्त आव्हान

(प्रथम पटक प्रकाशित मिति २०८१/०७/३० गते)

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स (ब.का.सि., सुचिकार, सफाईकर्मी, चर्मकर्मी, लोहाकार, केशकर्तक र सयस) पद खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि देहायका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सैन्य पदको हकमा नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी उम्मेदवार स्वयम्ले सो को हार्डकपी प्रिन्ट-आउट गरी तोकिएको भर्ना केन्द्रमा बुझाउने वा उम्मेदवार स्वयम् भर्ना केन्द्रमा उपस्थित भई दरखास्त फाराम भर्ने र विभिन्न ट्रेडका फलोअर्स पदहरुको हकमा उम्मेदवार स्वयम् भर्ना केन्द्रमा उपस्थित भई दरखास्त फाराम भरी रू.१०।- (दश) को टिकट टाँसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक पद संख्या र भर्ना छनौट केन्द्रहरु**

(क) **सैन्य पद:** विज्ञापन नं.०८१/८२/०२

| सि.नं. | भर्ना केन्द्र | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती | खुल्ला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी /जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १. | श्री उपत्यका पृतना हे.क्वा., नारायणहिटी, काठमाण्डौं (०१-५९७९३७६, ९८६०११३६२२) | १६ | १५६ | २६ | ४१ | ३६ | १९ | ६ | ३०० |
| २. | श्री नं.२६ बाहिनी अड्डा, भकुण्डेवेशी, काभ्रे (०११-४०४०८५, ९८६३०२९०५३) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| ३. | श्री पूर्वी पृतना हे.क्वा., ईटहरी, सुनसरी (०२५-५८४९३३, ०२५-५८७०२८) | ७ | ७८ | १३ | २१ | १८ | १० | ३ | १५० |
| ४. | श्री दुर्गादल गुल्म, तोक्मेडाँडा, ताप्लेजुङ्ग (०२४-४६०२५५, ९७६१८१९०९४) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| ५. | श्री नं. २१ बाहिनी अड्डा, तोपगाछी, झापा (०२३-४७५२१८, ९८६३७८००५४) | ४ | ३९ | ६ | १० | ९ | ५ | २ | ७५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | श्री दुर्गाबक्स गण, ओखलढुङ्गा (०३७-५९०२००, ०३७-५२०५७६) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| ७. | श्री मध्य पूर्वी पृतना हे.क्वा., बर्दिवास, महोत्तरी (०४४-५९००८१, ९८५४०२०७७२) | ५ | ५२ | ९ | १३ | १२ | ७ | २ | १०० |
| ८. | श्री बरख गण, भलुवाही, सप्तरी (०३१-५३०७३१, ९७४४३६९१२५) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| ९. | श्री गरुडदल गण, चरिकोट, दोलखा (०४९-४२१४९०, ९८०१३८०७३५) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| १०. | श्री ज्वालादल गण, ब्रहम्पुरी, बारा (०५३-५५१५३६, ९८६३०२९१८४) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| ११. | श्री मध्य पृतना हे.क्वा., हेटौडा, मकवानपुर (९८६३०२८८८४, ०५७-४१९०१५) | ४ | ३९ | ७ | १० | ९ | ५ | १ | ७५ |
| १२. | श्री नयाँ सबुज गण, भरतपुर, चितवन (०५६-४९३६७७, ९८६३०२९१८५) | ४ | ३९ | ६ | १० | ९ | ५ | २ | ७५ |
| १३. | श्री शेर गण, श्रीडाँडा, नुवाकोट (०१०-५६०५९९, ९८६३०२९१२७) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| १४. | श्री पश्चिम पृतना हे.क्वा., विजयपुर, कास्की (०६१-४११६७५, ०६१-४११३११) | ९ | ९१ | १५ | २४ | २१ | ११ | ४ | १७५ |
| १५. | श्री नं. २३ बाहिनी अड्डा, शेराडिल, बाग्लुङ्ग (०६८-५२११९४, ९८६३०२९१७१) | ४ | ३९ | ६ | ११ | ९ | ४ | २ | ७५ |
| १६. | श्री मध्य पश्चिम पृतना हे.क्वा., योगिकुटी, बुटवल (०७१-४१९२१०, ०७१-४१९२०९) | १० | १०५ | १७ | २७ | २४ | १३ | ४ | २०० |
| १७. | श्री नं. १९ बाहिनी अड्डा, तुल्सीपुर, दाङ्ग (०८२-५२०००१, ९७४९७७८२५७) | ४ | ३९ | ७ | १० | ९ | ५ | १ | ७५ |
| १८. | श्री उत्तर पश्चिम पृतना हे.क्वा., निमारे, सुर्खेत (०८३-४१४०४५, ०८३-४१४०२३) | १२ | १३१ | २२ | ३४ | ३० | १६ | ५ | २५० |
| १९. | श्री नं.४ बाहिनी अड्डा, नेपालगंज, बांके (०८१-५६५२९७, ९८५८०८३२२१) | ७ | ७८ | १३ | २० | १८ | १० | ४ | १५० |
| २०. | श्री नं.२४ बाहिनी अड्डा, देवलडाँडा, जुम्ला (०८७-५२०४७४, ०८७-५२०१९४) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |

भर्ना छनौट निर्देशनालय
कार्यरथी विभाग
जंगी अड्डा

भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग जंगी अड्डा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१. | श्री हनुमानध्वज गुल्म, गमगढी, मुगु (९७६५३६६७४५) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| २२. | श्री सुदूर पश्चिम पृतना हे.क्वा., तेघरी, कैलाली (०९१-५५०७४२, ०९१-५५०७५७) | ८ | ७९ | १३ | २० | १८ | ९ | ३ | १५० |
| २३. | श्री नं. ५ बाहिनी अड्डा, राजपुर, डोटी (०९४-४४०४३०, ०९४-४४०४२४) | ४ | ३९ | ७ | १० | ९ | ५ | १ | ७५ |
| २४. | श्री नं.२५ बाहिनी अड्डा, भगतपुर, कञ्चनपुर (०९९-५२४७०२, ०९९-५२५४४४) | ६ | ६५ | ११ | १७ | १५ | ८ | ३ | १२५ |

(ख) **<u>विभिन्न ट्रेडका फलोअर्स पद:</u>** विज्ञापन नं.(ब.का.सि.-०८१/८२/०३, सुचिकार-०८१/८२/०४, सफाईकर्मी-०८१/८२/०५, चर्मकर्मी-०८१/८२/०६, लोहाकार-०८१/८२/०७, केशकर्तक-०८१/८२/०८, सयस-०८१/८२/०९)

| सि.नं. | भर्ना केन्द्र | पद | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती | खुल्ला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १. | श्री उपत्यका पृतना हे.क्वा., नारायणहिटी, काठमाण्डौं (०१-५९७९३७६, ९८६०११३६२२) | ब.का.सि. | १ | ११ | २ | २ | २ | २ | - | २० |
| | | सुचिकार | - | २ | - | - | १ | १ | - | ४ |
| | | सफाईकर्मी | १ | ५ | २ | १ | १ | - | - | १० |
| | | केशकर्तक | - | ३ | १ | १ | १ | - | - | ६ |
| | | सयस | - | २ | १ | १ | १ | - | - | ५ |
| २. | श्री पूर्वी पृतना हे.क्वा., ईटहरी, सुनसरी (०२५-५८४९३३, ०२५-५८७०२८) | सुचिकार | - | १ | - | १ | १ | - | - | ३ |
| | | सफाईकर्मी | - | ६ | - | १ | १ | १ | १ | १० |
| | | चर्मकर्मी | - | २ | - | १ | १ | - | - | ४ |
| | | लोहाकार | - | २ | - | १ | - | - | - | ३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | श्री मध्य पूर्वी पृतना हे.क्वा. बर्दिवास, महोत्तरी (०४४-५९००८१, ९८५४०२०७७२) | ब.का.सि. | - | ५ | १ | २ | १ | १ | - | १० |
| | | लोहाकार | १ | २ | - | - | - | १ | - | ४ |
| | | केशकर्तक | - | ३ | १ | १ | १ | - | - | ६ |
| ४. | श्री पश्चिम पृतना हे.क्वा., विजयपुर, कास्की (०६१-४११६७५, ०६१-४११३११) | ब.का.सि. | - | ५ | १ | २ | १ | १ | - | १० |
| | | सफाईकर्मी | १ | २ | १ | १ | - | - | - | ५ |
| | | चर्मकर्मी | १ | २ | - | - | - | - | - | ३ |
| ५. | श्री उत्तर पश्चिम पृतना हे.क्वा., निमारे, सुर्खेत (०८३-४१४०४५, ०८३-४१४०२३) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | - | १० |
| | | सुचिकार | १ | १ | - | १ | - | - | - | ३ |
| | | चर्मकर्मी | - | २ | - | १ | - | - | - | ३ |
| | | लोहाकार | १ | १ | - | १ | - | - | - | ३ |
| | | केशकर्तक | - | १ | - | १ | १ | - | - | ३ |

३. **दरखास्त फाराम पेश गर्ने मिति र स्थान:**

(क) **दरखास्त पेश गर्ने मिति:** मिति २०८१/०७/३० गतेदेखि मिति २०८१/०८/२९ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८१/०८/३० गतेदेखि मिति २०८१/०९/०६ गतेसम्म कार्यालय समय भित्र दर्ता गर्न सकिनेछ ।

(ख) अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा दरखास्त फाराम सो भन्दा पछाडी कार्यालय खुल्ने दिनमा दर्ता गर्न सकिनेछ ।

(ग) **स्थान:** सम्वन्धित भर्ना छनौट केन्द्रहरु ।

४. **दरखास्त दस्तुर:** दरखास्त फाराम बुझाउंदा सैन्य पदको लागि रु. १५०।- (एक सय पचास रुपैया मात्र) र विभिन्न ट्रेडका फलोअर्स पदको लागि रु. १००।- (एक सय रुपैया मात्र) दस्तुर बुझाउनु पर्नेछ । तर एउटै विज्ञापन नं. मा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ । सम्बन्धित भर्ना केन्द्रहरुले तोकेको बैंक खाता नम्बर, कार्यालय कोड र राजश्व शीर्षक नम्बर- १४२२४ परीक्षा शुल्क खातामा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति- १/१ (एक/एक) दरखास्त फाराम साथ उक्त भर्ना केन्द्रमा पेश गर्नु पर्नेछ ।

## ५. आवश्यक योग्यता:

### (क) न्यूनतम शैक्षिक योग्यता:

| सि.नं. | पद | शैक्षिक योग्यता |
|---|---|---|
| १. | सैन्य | (क) कक्षा ८ (आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९ (नौं) र १० (दश) उत्तीर्ण हुनेहरुले पनि कक्षा ८ (आठ) उत्तीर्ण शैक्षिक योग्यताको प्रमाण-पत्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ र कक्षा ८ (आठ) उत्तीर्णको प्रमाण-पत्रमा न्यूनतम २ GPA अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>(ख) एस.एल.सी./एस.ई.ई. वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गर्नेहरुले पेश गरेको प्रमाण-पत्रहरु मध्ये माथिल्लो शैक्षिक योग्यताको प्रमाण-पत्रमा न्यूनतम २ GPA अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>(ग) **लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८** बमोजिम जारी भएको प्रमाण-पत्रको हकमा कक्षा ८ र SEE को शैक्षिक योग्यताको हकमा न्यूनतम GPA-२ वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्ने । कक्षा १२ को शैक्षिक योग्यताको हकमा GPA-१.६ वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्ने । यस बमोजिम प्रमाण-पत्र पेश गर्ने उम्मेदवारहरुले एस.एल.सी./एस.ई.ई. सहित हासिल गरेको सबै शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि बुझाउनु पर्नेछ । |
| २. | विभिन्न ट्रेडका फलोअर्स | साधारण लेखपढ गर्न सक्ने । |

### (ख) शारीरिक योग्यता:

| सि.नं. | पद | पुरुष | महिला |
|---|---|---|---|
| १. | सैन्य | (क) उचाई: न्यूनतम ५ फिट ३ ईन्च<br>(ख) छाती: नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च<br>(ग) वजन: न्यूनतम ५० के.जि.(११० पौण्ड) | (क) उचाई: न्यूनतम ५ फिट<br>(ख) वजन: न्यूनतम ४० के.जी. (८८ पौण्ड) |
| २. | विभिन्न ट्रेडका फलोअर्स | (क) उचाई: न्यूनतम ५ फिट २ ईन्च<br>(ख) छाती: नफुलाउंदा न्यूनतम ३० ईन्च र फुलाउंदा न्यूनतम ३२ ईन्च<br>(ग) वजन: न्यूनतम ५० के.जी.(११० पौण्ड) | (क) उचाई: न्यूनतम ४ फिट १० ईन्च<br>(ख) वजन: न्यूनतम ४० के.जी. (८८ पौण्ड) |
| ३. | चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ भन्दा बढी कमजोर नभएको हुनु पर्ने । | | |

भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग जंगी अड्डा

(ग) **अन्य योग्यता:** उल्लिखित पदका उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा "सैनिक सेवा नियमावली, २०६९" मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हद:** उम्मेदवारहरु दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०८/२९ गतेसम्म उमेर निम्न अनुसार हुनु पर्नेछ ।

| सि.नं. | पद | पुरुष/महिला |
|---|---|---|
| १. | सैन्य | १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको र नेपाली सेनाको बहालवाला उम्मेदवारहरुको हकमा २६ वर्ष ननाघेको हुनु पर्नेछ । |
| २. | विभिन्न ट्रेडका फलोअर्स | १८ बर्ष पुरा भई २६ बर्ष ननाघेको हुनु पर्नेछ । |

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि:**

(क) दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०८/२९ गतेका दिन न्यूनतम सेवा अवधि १ बर्ष पूरा भएको हुनुपर्नेछ ।

(ख) युनिटपतिको सिफारिस पेश गर्नुपर्नेछ ।

८. **दरखास्त साथ समावेश गर्नुपर्ने आवश्यक कागजातहरु:** देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवारहरु स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरु मान्यता हुनेछैन । दरखास्त दिन आउंदा पेश गरिने सबै कागजातहरुको सक्कल प्रति साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) सबै शैक्षिक तहहरुको योग्यताको प्रमाण-पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ग) नेपालका विश्वविद्यालयहरु बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारण गरेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।

(घ) शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरेको अन्य प्रमाण-पत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाण-पत्रहरु भएमा ।

(ङ) सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततीहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(१) श्री समारोह संचालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(२) वहालवालाको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(३) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफ:** उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति- ४ (चार) र २X२ साईजको फोटो प्रति- १ (एक) दरखास्त साथ पेश गर्नुपर्नेछ ।

१०. **परीक्षाको लागि सम्पर्क मिति र स्थान:** मिति २०८१/०९/१४ गतेको ११०० बजे दरखास्त पेश गरेको सम्वन्धित भर्ना केन्द्रमा ।

११. **छनौट प्रक्रिया:** देहाय बमोजिमका छनौट प्रक्रिया संचालन हुनेछ ।

(क) **वियरिङ्ग परीक्षा:** यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन, छाती (महिला उम्मेदवार बाहेक) र शारीरिक बनावट परीक्षण गरिनेछ । शारीरिक बनावट परीक्षणमा हेरिने बुँदाहरु निम्नानुसार रहेको:

(१) **बुँदा नं.१ शरीरको अङ्गहरू सामान्य भएको:**

(अ) सामान्य मानिसमा हुनुपर्ने अङ्गहरू नभएको तथा थप अङ्गहरू भएको हुन नहुने ।

(आ) हात, खुट्टा लामो छोटो भएको हुन नहुने ।

(इ) खुँडे हुन नहुने ।

(ई) ढाड कुप्रो हुन नहुने ।

(उ) शरीर पूरा झुकाउन सक्ने हुनुपर्ने ।

(ऊ) जिउ कोल्टे परेको हुन नहुने ।

(२) **बुँदा नं. २ शरीरमा अस्वभाविक दागहरू नभएको:**

(अ) रोग वा चोटपटक्को कारण अनुहारमा अस्वाभाविक छ्याका भएको हुन नहुने ।

(आ) अनुहार र टाउकोमा अस्वभाविक ग्रहणको टाटो (Birth Mark), खत र दाग भएर रूप नै बिग्रिएको हुन नहुने तर सामान्य ग्रहणको टाटो (Birth Mark), खत र दाग भएकोलाई लिन सकिने । रोग, शल्यक्रिया र चोटपटकबाट भएको ठुलो खतको हकमा डाक्टर अधिकृतबाट एकीन गरी कार्य क्षमतामा असर नपर्ने भएमा लिन सकिने ।

(इ) आफैले जाना जानी बनाएको खत (अक्षर, नाम वा चित्र) भएको हुन नहुने ।

(ई) शरीरको कुनै पनि भागमा ट्याटु मार्क हुन नहुने तर मेटाएको अवस्थामा मात्र ट्याटुको दाग स्वाभाविक भएमा लिन सकिने ।

(३) **<u>बुँदा नं.३ हात खुट्टा बाङ्गो टिङ्गो नभएको, औंलाहरू ठीक भएको र धेरै चेप्टो पैताला (Flat Foot) नभएको:</u>**

(अ) हात खुट्टा बाङ्गो टिङ्गो भएको हुन नहुने (हत्केला आकाशतिर फर्काई सिधा गर्दा कुहिनानिरको हातको कोण पुरुषको हकमा ५-१० डिग्री र महिलाको हकमा ५-१५ डिग्री भन्दा बढी हुन नहुने) ।

(आ) हात खुट्टाको औंलाहरू जोडिएको तथा खप्टिएको हुन नहुने ।

(इ) हात खुट्टाको औंलाहरू अस्वाभाविक रूपमा फाटिएर नजोडिने हुन नहुने ।

(ई) **<u>Flat Foot:</u>** धेरै चेप्टो पैताला हुन नहुने ।

(४) **<u>बुँदा नं.४ घुंडाको अवस्था:</u>**

(अ) **<u>Knock Knee:</u>** सतर्क पोजिशनमा उभिदा घुंडा नजोडिने हुनुपर्ने ।

(आ) **<u>Bow Leg:</u>** दुबै खुट्टा जोडेर उभिंदा घुंडा बीच ८ से.मि. भन्दा धेरै ग्याप हुन नहुने ।

(५) **<u>बुँदा नं.५ शरीरमा मुसा नभएको</u>**:

(अ) शरीरको कुनै पनि भागमा छरिएर धेरै संख्यामा मुसा भएको हुन नहुने ।

नोटः वियरिङ्ग चेकजांचको समयमा कैफियतमा मुसा भएको भनि जनाउने र निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांच सम्मको अवधिमा उपचार गराई आएमा मुसाको प्रकृति हेरी फिट हुन सक्ने भनि जानकारी गराउने ।

(६) **<u>बुँदा नं.६ दांत नझरेको</u>** :

(अ) दांत झरेको भएमा Fixed दांत लगाएको हुनुपर्ने तर बुद्धि बङ्गारा झरेको भएमा लिन सकिने ।

(आ) दांत RCT गरेको भएमा Cap लगाएको हुनुपर्ने ।

(इ) अगाडिको दांत बाहिर निस्कन गई दुवै ओठ जोड्दा बाहिर देखिन नहुने ।

(ई) दांत किराले खाएको भए दांत भरेको हुनुपर्ने ।

(उ) अगाडिको दांतहरू २ मि.मि. भन्दा बढी फाटिएको हुन नहुने ।

(७) **<u>बुँदा नं. ७ दुवी भएको</u>** :

(अ) सर्ने किसिमको दुधी (Vitiligo) हुन नहुने ।

(आ) शरीरमा अस्वभाविक देखिने दुवी हुन नहुने ।

नोटः P. Versicolor नसर्ने किसिमको दुवी भएमा कैफियत महलमा नसर्ने दुवी लेखि (निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांचसम्मको अवधिमा उपचार गराई आएमा अवस्था हेरी फिट हुन सक्ने भनि जानकारी गराउने) र यस्तो प्रकारको दुवीलाई लिन सकिने ।

(८) **बुँदा नं.८ कपाल नझरेको/कपाल नफुलेको:**

(अ) कुनै किसिमको रोगको कारण धेरै कपाल झरेको हुन नहुने ।

(आ) धेरै मात्रामा कपाल फुलेको हुन नहुने ।

(९) **बुँदा नं. ९ आँखा डेढो नभएको र आँखा चिम्लन सक्ने:**

(अ) डेढो आँखा भएको हुन नहुने ।

(आ) दुवै आँखाको आकार समान भएको हुनुपर्ने ।

(इ) दांया हात चलाउनेको हकमा वांया आँखा र वायां हात चलाउनेको हकमा दांया आँखा चिम्लन सक्ने हुनुपर्ने ।

(१०) **बुँदा नं. १० प्रष्ट बोली भएको, भकभकाउने र लठ्यौरो हुन नहुने:**

(अ) भकभकाउने, लठ्यौरो तथा तोते बोली नभएको र प्रष्ट बोली भएको हुनुपर्ने ।

(आ) उम्मेदवारहरुको शारीरिक बनावटको कारण सैनिक कार्य क्षमतामा असर पर्ने हुन नहुने ।

(ख) **प्रारम्भिक स्वास्थ्य परीक्षण:** मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आंखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) **शारीरिक परीक्षा:** सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स पदहरुको शारीरिक परीक्षाको मापदण्ड देहायनुसार रहेकोछ ।

(१) **सैन्य पद:**

| लिङ्ग | परीक्षा विवरण | पास | उत्तम | अति उत्तम | कै. |
|---|---|---|---|---|---|
| पुरुष | सिटअप | १५-१९ पटक | २०-२४ पटक | २५ पटक वा सो भन्दा बढी | |
| | पुसअप | १२-१५ पटक | १६-१९ पटक | २० पटक वा सो भन्दा बढी | |
| | चिनअप | ५-७ पटक | ८-१० पटक | ११ पटक वा सो भन्दा बढी | |
| | ३०० मि. दौड | ५१-५५ सेकेण्ड | ४६-५० सेकेण्ड | ४५ सेकेण्ड भित्र | |
| | २ माईल दौड | १३ मिनेट १ सेकेण्ड देखि १४ मिनेट | १२ मिनेट १ सेकेण्ड देखि १३ मिनेट | १२ मिनेट भित्र | |
| महिला | सिटअप | ८-११ पटक | १२-१५ पटक | १६ पटक वा सो भन्दा बढी | |
| | पुसअप | ६-९ पटक | १०-१३ पटक | १४ पटक वा सो भन्दा बढी | |
| | चिनअप | ३ पटक | ४ पटक | ५ पटक | |
| | ३०० मि. दौड | ५६-६० सेकेण्ड | ५१-५५ सेकेण्ड | ५० सेकेण्ड भित्र | |
| | २ माईल दौड | १५ मिनेट ३१ सेकेण्ड देखि १७ मिनेट | १४ मिनेट १ सेकेण्ड देखि १५ मिनेट ३० सेकेण्ड | १४ मिनेट भित्र | |

भर्ना छनौट निर्देशनालय
कार्यरथी विभाग
जंगी अड्डा

(२) **विभिन्न ट्रेडका फलोअर्स पद:**

(कक) **ब.का.सि.**

| लिङ्ग | परीक्षा विवरण | पास | उत्तम | अति उत्तम | कै. |
|---|---|---|---|---|---|
| पुरुष | ४० के.जि. को प्याक बोकी ३०० मिटर दौड | ९१-१०० सेकेण्ड | ८१-९० सेकेण्ड | ८० सेकेण्ड | |
| | सिटअप | १०-१३ पटक | १४-१७ पटक | १८ पटक वा सो भन्दा बढी | |
| | पुसअप | १०-१३ पटक | १४-१७ पटक | १८ पटक वा सो भन्दा बढी | |
| | चिनअप | ३-५ पटक | ६-८ पटक | ९ पटक वा सो भन्दा बढी | |
| | २ माईल दौड | १४ मिनेट ३१ सेकेण्ड देखि १६ मिनेट | १३ मिनेट १ सेकेण्ड देखि १४ मिनेट ३० सेकेण्ड | १३ मिनेट भित्र | |
| महिला | २० के.जि. को प्याक बोकी ३०० मिटर दौड | ९१-१०० सेकेण्ड | ८१-९० सेकेण्ड | ८० सेकेण्ड | |
| | सिटअप | ५-८ पटक | ९-१२ पटक | १३ पटक वा सो भन्दा बढी | |
| | पुसअप | ५-८ पटक | ९-१२ पटक | १३ पटक वा सो भन्दा बढी | |
| | चिनअप | २ पटक | ३ पटक | ४ पटक | |
| | २ माईल दौड | १६ मिनेट १ सेकेण्ड देखि १८ मिनेट | १४ मिनेट १ सेकेण्ड देखि १६ मिनेट | १४ मिनेट भित्र | |

(कख) **सुचिकार, सफाईकर्मी, चर्मकर्मी, लोहाकार, केशकर्तक र सयस:**

| क.सं. | पद | पुरुष | महिला |
|---|---|---|---|
| १. | सुचिकार | (क) सिटअप १० पटक ।<br>(ख) पुसअप १० पटक ।<br>(ग) चिनअप ३ पटक ।<br>(घ) ३०० मिटर दौड ६० सेकेण्डमा पुरा गर्नुपर्नेछ ।<br>(ङ) २ माईल दौड १६ मिनेटमा पुरा गर्नुपर्नेछ । | (क) सिटअप ८ पटक ।<br>(ख) पुसअप ५ पटक ।<br>(ग) चिनअप २ पटक ।<br>(घ) ३०० मिटर दौड ७० सेकेण्डमा पुरा गर्नुपर्नेछ ।<br>(ङ) १ माईल दौड १० मिनेटमा पुरा गर्नुपर्नेछ । |
| २. | सफाईकर्मी | | |
| ३. | चर्मकर्मी | | |
| ४. | लोहाकार | | |
| ५. | केशकर्तक | | |
| ६. | सयस | | |

(घ) **लिखित परीक्षा:** (सैन्य पदको लागि मात्र)

(१) **सैन्य.** लिखित परीक्षा देहाय बमोजिम श्री लोक सेवा आयोगले संचालन गर्नेछ । साथै, बस्तुगत बहु उत्तर प्रश्नको गलत उत्तरको २० प्रतिशत अङ्क कट्टा हुनेछ । लिखित परीक्षाको पाठ्यक्रम वेबसाईटमा हेर्न सकिनेछ ।

| सि.नं. | पद | विषय तथा समय | | कै. |
|---|---|---|---|---|
| | | विविध (अंग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान) | | |
| | | पूर्णाङ्क | समय | |
| १. | सैन्य | १०० | २ घण्टा ३० मिनेट | |

(ङ) **प्रयोगात्मक परीक्षा:** (विभिन्न ट्रेडका फलोअर्स पदको लागि मात्र) : सम्बन्धित ट्रेड (ब.का.सि. पदको बाहेक) अनुसार प्रयोगात्मक परीक्षा हुनेछ ।

(च) **स्वास्थ्य परीक्षण:** मान्यता प्राप्त चिकित्सकहरुबाट स्वास्थ्य परीक्षण गरिनेछ । साथै, उम्मेदवारहरुको स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(छ) **अन्तरवार्ता:** पदपूर्ति समितिका पदाधिकारीहरुबाट अन्तर्वार्ता हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु:** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार हुनेछ ।

१३. **अन्य शर्तहरु:**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति पेश गर्नुपर्नेछ ।

(ख) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Support/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराइनेछ ।

(ग) उम्मेदवारहरुले पेश गरेको सम्पूर्ण विवरणहरुको सक्कल प्रति दरखास्त फाराम भर्दा र अन्तरवार्तामा समेत पेश गर्नुपर्नेछ । उम्मेदवारहरुले पेश गरेको विवरण झुट्टा ठहरिएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ ।

(घ) एउटै विज्ञापन नं. र समान पदमा एक मात्र भर्ना केन्द्रबाट आवेदन दिन पाईनेछ ।

(ङ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेशी, दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिष्पर्धा गर्न सक्नेछन । तर महिलाको हकमा यो व्यबस्था लागु हुनेछैन । साथै पिछडिएको क्षेत्रका उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिष्पर्धा गर्न सक्नेछन् ।

(च) उम्मेदवारहरु (बहालवाला सैनिक व्यक्ति बाहेक) अविवाहित हुनुपर्नेछ र सैन्य पदको हकमा तालिम अवधिभर विवाह गर्न पाईने छैन ।

(छ) छनौट परीक्षाको क्रममा उम्मेदवारहरुले आ-आफ्नै व्यवस्थाबाट तोकिएको स्थान र समयमा प्रतिवेदन गर्नु पर्नेछ । साथै, हरेक परीक्षामा सहभागी हुन आउंदा सम्बन्धित उम्मेदवारहरुले आ-आफ्नो सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(ज) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयम् उम्मेदवार हुनेछ ।

(झ) नेपाली सेनाको भर्ना प्रक्रियामा सहभागि हुने उम्मेदवार तथा अन्य व्यक्तिहरुले भनसुन, आर्थिक लेनदेन लगायतका गैह्र कानुनी कार्य गरेको पाइएमा छनौट परीक्षाबाट निष्कासन गरी सैनिक व्यक्तिको हकमा सैनिक ऐन तथा अन्य व्यक्तिको हकमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

१४. **अनलाईन दरखास्त फाराम भर्ने सम्वन्धमा जानकारी (सैन्य पदको लागि मात्र)**

(क) नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र **Recruitment & Selection** मा गई **"Apply Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरण आवश्यक पर्ने ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा दरखास्तवालाको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा उम्मेदवारले तोकिएको न्यूनतम योग्यता हासिल गरेको अवस्थामा मात्र त्यस पछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन् । सो पश्चात उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण र शैक्षिक विवरण नेपाली युनिकोड कालीमाटी फण्टमा भरि सो को एकिन गर्ने । उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेश पत्र, राजश्व दस्तुरको भौचर **PDF Format** मा डाउनलोड गरि **Save** गर्ने र प्रिन्ट गर्ने ।

(घ) उक्त प्रिन्ट गरेको दरखास्त फारममा उम्मेदवारले फोटो र हुलाक टिकट टांस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना केन्द्रमा तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ । कुनै पनि उम्मेदवारले अनलाईन माध्यमबाट पहिलो ३० दिनको अवधि भित्र दरखास्त फाराम **Submit** गरी सोही अवधिमा स्वयम् उपस्थित भई सो को प्रिन्ट सहितको फाराम बुझाउनु पर्नेछ । यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सो को प्रिन्ट सहितको फाराम नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मान्यता दिईने छैन ।

(ङ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ ।

१५. **विशेष सूचना:** सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० देखि समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**द्रष्टव्य:**

(१) **"सैनिक सेवा नियमावली, २०६९"** को आधारमा पदपूर्ति गरिनेछ ।

(२) यो विज्ञापन तथा छनौट परीक्षा सम्बन्धी सम्पूर्ण सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक वेबसाईट www.vacancy.nepalarmy.mil.np मा हेर्न सकिनेछ ।

(३) थप केहि जानकारी लिनु परेको खण्डमा आफूलाई पायक पर्ने भर्ना केन्द्रहरु तथा नेपाली सेनाको नजिकको व्यारेकमा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।

(शक्ति जंग बस्नेत)
सहायक रथी
निर्देशक